# स्थानीय राजपत्र

बोगटान फुड्सिल गाउँपालिकाद्वारा प्रकाशित

खण्ड :-८ संख्या :-४ मिति :-२०८२/०३/२२


## भाग- २

# कृषि तथा पशुजन्य वाली,वस्तुको उद्पदनमा आधारित अनुदान तथा ढुवानी, अनुदान सम्बन्धि कार्यविधि २०८२

नेपालको संविधान बमोजिम स्थानीय गाउँ सभा/कार्यपालिकाले बनाएको तल देखिए बमोजिमको ऐन कार्यविधि, नियमावली, मापदण्ड सर्वसाधरणको जानकारीको लागी प्रकाशन गरीएको ।

नेपालको संविधान बमोजिम स्थानीय गाउँ सभा/कार्यपालिकाले बनाएको तल देखिए बमोजिमको ऐन कार्यविधि, नियमावली, मापदण्ड सर्वसाधरणको जानकारीको लागी प्रकाशन गरीएको ।

# कृषि तथा पशुजन्य वाली, बस्तुको उत्पादनमा आधारित अनुदान तथा ढुवानी अनुदान सम्बन्धी कार्यविधि २०८२

## प्रस्तावना

बोगटान फुड्सिल गाउँपालिका कृषि तथा पशुपन्छिको क्षेत्रमा प्रशस्त सम्भावना बोकेको गाउँपालिका हो । यहाँका अधिकाशं मानिसहरुको मुख्य पेशाको रुपमा कृषि तथा पशुपालनलाई अबलम्वन गरेका छन । यसरी यस पालिकाका कृषकहरुलाई व्यावसायिक र प्रतिस्पर्धी बनाइ उनीहरुको आय आर्जन बृद्धि गरी स्वाबलम्बी बनाउन वान्छनिय भएकोले यो कार्यविधि स्थानीय सरकार सन्चालन ऐन, दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बोगटान फुड्सिल गाउँपालिकाले देहायको कार्यविधि जारी गरेको छ ।

२. परिभाषा

क) गाउँपालिका : भन्नाले बोगटान फुड्सिल गाउँपालिका सम्झनु पर्दछ ।

ख) अध्यक्ष : भन्नाले बोगटान फुड्सिल गाउँपालिकाको अध्यक्षलाइ सम्झनु पर्दछ ।

ग) उपाध्यक्ष : बोगटान फुड्सिल गाउँपालिका गाउँपालिकाको उपाध्यक्षलाइ सम्झनु पर्दछ ।

घ) प्रमुख प्रशासकीय अधिकृत: भन्ननले दफा ८४ बमोजिमको बोगटान फुड्सिल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाइ सम्झनु पर्दछ ।

ङ) कार्यपालिका : भन्नाले बोगटान फुड्सिल कार्यपालिकालाई सम्झनु पर्दछ ।

च) न्यायिक सिमित : भन्नाले सविधानको धारा २१७ बमोजिमको न्यायिक सिमित सम्झनु पर्दछ ।

छ) आर्थिक विकास समितिको संयोजकाः भन्नाले गाउँपालिकाको विषय क्षेत्रगत समिति अन्तर्गतको आर्थिक विकास समितिको संयोजक सम्झनु पर्दछ ।

ज) कृषि विकास शाखा : भन्नाले बोगटान फुड्सिल गाउँपालिका अन्तर्गत कृषि विकास शाखा सम्झनु पर्दछ ।

झ) पशु सेवा शाखा : भन्नाले बोगटान फुड्सिल गाउँपालिका अन्तर्गत पशु सेवा शाखा सम्झनु पर्दछ ।

ट) वडा : भन्नाले बोगटान फुड्सिल गाउँपालिकाका सवै वडाहरु सम्झनु पर्दछ।

ट) प्राविधिक समिति : भन्नाले वडा अध्यक्षको सयोजकत्वमा गठित विषयगत क्षेत्रको प्राविधिक सम्मिलित ३ सदस्यीय समितीलाई बुझाउछ।

ठ) सहकारी तथा समुह : भन्नाले कृषि तथा पसुजन्य बस्तु उत्पादनमा सलग्न बोगटान फुड्सिल गाउँपालिका भित्रका सबै सहकारी तथा समुहलाई जनाउदछ । यस शव्दले बोगटान फुड्सिल गाउँपालिकाका कृषकहरुको कृषि तथा पशुजन्य वस्तुको उत्पादन खरीद गर्न आपसका सहकारी समुहलाई समेत जनाउनेछ ।

ड) संकलन केन्द्र : भन्नाले बोगटान फुड्सिल गाउँपालिका बासी कृषकले कृषि तथा पशुजन्य उत्पादनमा खरीद गर्न गाउँपालिकामा दर्ता भएका डेरी उद्योग, हाटबजार तथा संकलन केन्द्र, सहकारी तथा समुहलाई सम्झनु पर्दछ।

ढ) तरकारी : भन्नाले काउली, बन्दा, रायो, केराउ, बोडी, सिमि, गोलभेडा, आलु, लौका, चिचिन्ना , भान्टा, फर्सी, भिन्डी, काक्रा, पिडालु लगाएतका अन्य स्थानीय स्तरमा उत्पादन तरकारीहरुको रुपमा प्रयोग हुने बस्तुलाई जनाउछ।

ण) फलफूल : भन्नाले कागती, अनार, अम्बा, केरा, सुन्तला, आँप, लिचि, कीवी, ड्रागन फ्रुट, स्याउ,ओखर लगाएतका अन्य स्थानीय स्तरमा उत्पादन फलफूलको रुपमा प्रयोग हुने बस्तुलाई जनाउछ।

त) मसलाजन्य बस्तु : भन्नाले लसुन, टिमुर, अलैची, प्याज, धनिँया, खुर्सानी, अदुवा, बेसार लगाएतका मसलाको रुपमा प्रयोग हुने बस्तुलाई जनाउछ।

थ) मौरीजन्य उत्पादन भन्नाले मह, मैन, कुट, रोयल जेली आदीलाई जनाउनेछ ।

द) **गोला सहितको मौरी घार** : भन्नाले कम्तीमा पनि ५ फ्रेम सहितको मौरी घार अथवा स्थानीय मुडे घारलाई जनाउनेछ ।

**ध**) दुध तथा दुधजन्य पदार्थ : सामान्यतया शिशु जन्मिनु भन्दा १५ दिन अगाडीको र ५ दिन पछाडीको स्तनधारी प्राणीको स्तन वा थुनबाट हुने सेतो श्रावलाई दुध भनिन्छ । दुध बाट बन्ने विभिन्न प्रकारको दुधजन्य पररकारिराई दुधजन्य पदार्थ भनिन्छ ।

न) मासु : मासु शव्दलाई बोलचाल र व्यावसायिक वर्गीकरणको आधारमा पृथ्वीमा रहने पशुपन्छीहरुको मासंपेशी वा मासुलाई बुझीन्छ ।

प) अण्डा : पन्छीबाट उत्पादन भएको अण्डाकारको बस्तुलाई बुझिन्छ ।

फ) ढुवानी : कृषि जन्य बस्तुलाई गाडी तथा भरिया द्धारा गरीएको ढुवानीलाई बुझाउदँछ।

## ३. अनुदान उपलब्ध गराउन सकिने कृषि तथा पशुजन्य बस्तुहरु :

क) बोगटान फुड्सिल गाउँपालिकाले आफ्नो स्वीकृत बजेटको परिधिभित्र रहि पशुपन्छीजन्य उत्पादन अन्तर्गत दुध, मासु, माछा र अण्डा तथा कृषि जन्य बस्तु अन्तर्गत ताजा तरकारी, खाध्यान्न वालीको विउ, फलफूल, मसला बाली (अदुवा, बेसार), मौरी तथा मौरी जन्य उत्पादन र दलहन वाली बिक्रीमा अनुदान उपलब्ध गराउन सकीनेछ ।

## ४. अनुदान उपलब्ध गराउने विधि:

क) बोगटान फुड्सिल गाउँपालिका अन्तर्गत प्रत्येक वडाहरुमा वडा अध्यक्षको संयोजकत्वमा सम्बन्धीत क्षेत्रको प्राविधिक रहने गरी ३ सदस्यीय समिति गठन गरीनेछ ।

| | | |
|---|---|---|
| १ | वडा अध्यक्ष - | संयोजक |
| २ | सम्बन्धीत क्षेत्रको प्राविधिक - | सदस्य |
| ३ | वडा सचिव - | सदस्य |

ख) कृषकहरुले अनुदान प्राप्त गर्नका लागी तोकीएको सहकारी/समुह, संकलन केन्द्र वा वडामा यस कार्यविधि अनुसार गठित समितिको रोहबरमा अथवा समुह, सहकारीको निणर्य अनुसार बिक्री वितरण तथा ढुवानी गरेको हुनुपर्नेछ ।

ग) सहकारी/समूह/संकलन केन्द्र वा वडामा यस कार्यविधि अनुसार गठित सिमितले कृषि तथा पशुजन्य बस्तु खरिद गरेको, बिक्री गरेको र ढुवानी गरे अभिलेख स्पस्ट सँग राखेको हुनुपर्नेछ ।

घ) सहकारी /समूह/ संकलन केन्द्र वा वडामा यस कार्यविधि अनुसार गठित समितिले कृषि तथा पशुपन्छीजन्य बस्तु खरिद गरेको, बिक्री गरेको र ढुवानी गरेको अभलेखका अधारमा बिक्री परिमाण र रकम भुक्तानीका लागी सहकारी, समुह, संकलन केन्द्र वा वडामा यस कार्यविधि अनुसार गठित समितिले मासिक रुपमा गाउँपालिका अन्तर्गत कृषि बिकास शाखा वा पशु सेवा शाखामा पठाउनु पर्नेछ ।

ङ) सहकारी, समूह, संकलन केन्द्र वा वडामा यस कार्य विधि अनुसार गठीत समितिले अनुगमन गरी सिफारीस गर्ने र वडा कार्यालयको सिफारीसका आधारमा कृषि विकास शाखा वा पशु सेवा शाखाले अवश्यक परेमा अनुगमन गरी गाउँपालिका बाट कृषि तथा पशुजन्य बस्तुको बिक्री तथा उत्पानमा आधारीत अनुदान र ढुवानी अनुदान उपलब्ध गराउनु पर्नेछ ।

च) अनुदान उपलब्ध गराउदा सहकारी/समुह/संकलन केन्द्र तथा कृषकले पेश गरेको अभिलेख र सम्बन्धीत कृषि वा पशु सेवा शाखाको सिफारीसका आधारमा गाउँपालिकाले कृषक समुह/फर्म/कृषक वा गाडी धनीको खातामा अनुदान रकम भुक्तानी गर्नेछ ।

छ) यो कार्यविधि स्वीकृत भए पश्चात सहकारी/समुह/संकलन केन्द्र वा वडामा यस कार्यविधि अनुसार गठित समिति मार्फत विक्री वितरण वा ढुवानी गरी अभिलेखीकरण गरीएका कृषि फर्म/समुहहरुलाई मात्र अनुदान रकम उपलब्ध गराईनेछ ।

ज) कृषि तथा पशुपन्छीजन्य बस्तुको विक्री वितरण र ढुवानीमा संग्लन हुन चाहने सहकारी/समुह/संकलन केन्द्रले आफ्नो प्रमाणपत्र र वडाको सिफारीस सहित गाउँपालिकाको सम्बन्धि शाखामा निवेदन पेश गरे पश्चात गाउँपालिकाबाट अनुमती दिईनेछ । यसरी अनुमती प्राप्त गरीसके पश्चात सहकारी/समुह/ संकलन केन्द्र गठित समितिले विक्री वितरण र ढुवानीको अभिलेख राख्न सुरु गर्नु पर्नेछ ।

झ) एउटै कृषकलाइ कृषि तथा पशुजन्य वाली बस्तुको उत्पादनमा आधारीत अनुदान र ढुवानी अनुदान मध्य कुनै एउटा अनुदान मात्र उपलब्ध गाराईनेछ ।

ञ) यस कार्यक्रमको लागी आवेदन पेश गर्न ईच्छुक कृषकले अनुसूचि ४ अनुसारको मापदण्ड पुरा गरेकोहुनु पर्नेछ ।

## ५. उपलब्ध गराउने अनुदान रकम

क) कृषकहरुलाई वाली बस्तु विषेश उत्पादन तथा बिक्रीको परिमाणमा सहकारी/समुह/सकलन

केन्द्र तथा वडामा यस कार्यविधि अनुसार गठित समितिहरुको अभिलेख सहितको वडाको सिफारीसको आधारमा देहाय बमोजिमको रकम उपलब्ध गराईनेछ ।

**क) पशुजन्य बस्तु :**

- दुध उत्पादनको क्षेत्रमा प्रति कृषकले वार्षिक १००० लिटरका दरले सहकारी/समूह/संकलन केन्द्र तथा वडामा यस कार्यविध अनुसार गठित समितिमा विक्री गरेको रेकर्डको आधारमा प्रलि लिटर रु. ५ का दरले अनुदान रकम दिईनेछ ।
- जिउँदो तौलको आधारमा खसी/बोका विक्री गर्दा १०० के.जी. वा ३-५ वटा विक्री गरेको कृषकलाई प्रति के.जी. रु. ५० का दरले अनुदान दिने व्यवस्था मिलाईनेछ ।
- स्थानीय कुखुराको मासु प्रति कृषकले कम्तिमा ७५ के.जी. उत्पादन गरी विक्री गरेको कृषकलाई प्रति के.जी. रु. ५० का दरले अनुदान दिने व्यवस्था मिलाइनेछ ।
- प्रति कृषक कम्तिमा १ रोपनी क्षेत्रफलमा माछापालन गरेकालाई प्रति रोपनी रु १० हजारका दरले अनुदान दिने व्यवस्था मिलाईनेछ ।

## ख.कृषिजन्य बस्तु

फलफूल खेती

- सुन्तलाजात आपँ, लिची, किवी प्रती के जी रु ५ का दरले र प्रति कृषकले कम्तीमा ५०० केजी उत्पादन गरी विक्री गरेको हुनुपर्नेछ ।
- केरा खेती प्रती गोटा (कोसा) रु. २ र प्रती कृषकले कम्तीमा ५००० गोटा उत्पादन गरी विक्री गरेको हुनुपर्नेछ ।

तरकारी विउ उत्पादन :

- तरकारी विउ उत्पादनमा प्रति के.जी. रु. ५० र प्रति कृषकले कम्तीमा ५० के.जी. विउ उत्पादन गरी बिक्री गरेको हुनुपर्नेछ ।

## खाधान्न वाली विउ उत्पादनमा

- खाधान्न वाली विउ उत्पादनमा प्रति के. जी. रु. २० र प्रति कृषकले कम्तीमा २०० के.जी. विउ उत्पादन गरि विक्री गरेको हुनुपर्नेछ।

## ताजा तरकारी

- गोलभेडा, गाजर,  काउली, लौका, भेडेखुसाानी, फर्सी, प्याज, सिमि, घिरौला, भिन्डी, भान्टा, बन्दा, काक्रा. तितेकरेला आदी स्थानीय स्तरमा उत्पादीत तरकारी प्रती के.जी. रु .५ र प्रती कृषकले कम्तीमा वार्षिक ३०० के. जी. उत्पादन गरी विक्री गरेको   हुनुपर्नेछ।

## मौरी र महजन्य उत्पादन

- मह उत्पादनमा प्रती के. जी. रु. ४० र प्रती कृषकले कम्तीमा २५  के.जी. देखी माथी उत्पादन गरी विक्री गरेको हुनुपर्नेछ।
- गोला सहितको मौरी घारमा प्रलि घार रु. १००० र प्रती कृषकले कम्तीमा १० गोला घार उत्पादन गरी विक्री गरेको हुनुपर्नेछ।

## दाल वालीमा

- दाल वालीमा प्रती के. जी. रु. ४० र कम्तिमा ५० के. जी. उत्पादन गरी विक्री गरेको हुनुपर्नेछ

## मसला वालिमा

- अदुवा, बेसारमा प्रति के. जी. रु. १० र प्रती कृषकले कम्तीमा १०,००० के.जी. भन्दा माथी उत्पादन गरी विक्री गरेको हुनुपर्नेछ।
- लसुन, प्याजमा प्रती के.जी. रु. ७ र प्रती कृषकले कम्तिमा ५०० के.जी. उत्पादन गरेको हुनुपर्नेछ।
- सुकाएको खुर्सानी वालीमा प्रती  के.जी. रु. ५० र कम्तीमा ५० के. जी. भन्दा माथी उत्पादन गरी विक्री गरेको हुनुपर्नेछ।

## ढुवानी

- कृर्षि जन्य वाली बस्तु ढुवानी गर्दा एक पटकमा कृषक अथवा फर्मको हकमा कम्तीमा १० क्वीन्टल र समुह, सहकारीको हकमा कम्तीमा ३० क्वीन्टल भन्दा माथी ढुवानी गरी उत्पादन तथा खरिद बिक्री गरेको हुनुपर्नेछ ।
- पशुको हकमा खसी, बोका एक पटकमा २० वटा र भैसी ३ वटा गरी कम्तीमा एक पटक ढुवानी गरी विक्री वितरण गरेको हुनुपर्नेछ ।
- कृषिजन्य कच्चा पदार्थ (अदुवा,बेसार) जस्ता बस्तुमा बजारीकरणको लागी कृषक समुह, सहकारी र संकलन केन्द्रलाई ढुवानीमा शतप्रतिशत अनुदान दिईनेछ ।
- कृषक समुह/सहकारी र फर्मको हकमा कृषि जन्य उपज ढुवानीमा कच्ची सडकमा प्रति किलोमिटर, प्रति क्वीन्टल रु १३ र कालोपत्रे सडकमा रु २.५ दरले अनुदान उपलब्ध गराउन सकिनेछ ।
- ढुवानी रकमको हकमा बोगटान फड्सिल गाँउपालिकाको आर्थिक ऐन अथवा सम्बन्धीत शाखामा सम्झौता भए बमोजिम उपब्ध गराइनेछ ।

## ६. अनुदान अनुगमन तथा व्यावस्थापन समिति

गाँउपालिकामा उपाध्यक्षको संयोजकत्वमा देहायको पालिका स्तरीय एक अनुदान अनुगमन तथा व्यवस्थापन समिति रहनेछ ।

| | |
|---|---|
| क) गा.पा. उपाध्यक्ष | संयोजक |
| ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग) आर्थिक विकास समितिका संयोजक | सदस्य |
| घ) कृषि/पशु सेवा शाखा प्रमुखा | सदस्य |
| ङ कृषि/पशु सेवा शाखा प्रमुखा | सदस्य सचिव |

**७. अनुदान रकम निकासा :** उत्पादनमा आधारीत अनुदान र ढुवानीमा अनुदान रकम उपलब्ध

गराउँदा गाउँपालिका तथा सम्बन्धीत शाखाबाट फर्म, समुह, सहकारी र संकलन केन्द्र संग सम्झौता भए बमोजिमको रकम भुक्तानी वा उपलब्ध गराउन सकिनेछ ।

**८. अन्य क्षेत्रमा अनुदान:** उत्पादनमा आधारीत अनुदान र ढुवानी अनुदान बाहेक गाँउसभाबाट स्वीकृत कार्यक्रम बमोजिमको कृषि तथा पशु क्षेत्रको अनुदान प्रदान गर्न यो कार्यविधिले वाधा पुर्याएको मानिने छैन ।

९. बजार मुल्यको कारण हुने क्षतिको परिपूर्ती : विश्वव्यापी बजारीकरणको कारण स्थानीय कृषकको उत्पादन मुल्य भन्दा अत्याधिक कम मुल्यमा कृषि तथा पशुजन्य बस्तु बजारमा आई कृषकलाई घाटा पूर्ति गर्ने सन्दर्भमा थप मापदण्ड बनाइ कार्यपालिकाको निर्णय बमोजिम अगाडी बढाइनेछ र वाली बस्तु विषेश उत्पादन गरी बिक्री नहुँदा पनि उत्पादनका आधारमा अनुदान उपलब्ध गराईनेछ ।

**१०. बाधा अडकाउ फुकाउने :** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अडकाउ परे गाउँकार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

**११. परिमार्जन:** गाउँ कार्यपालिकाले यो कार्यविधि जुनसुकै समयमा संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

अनूसुची-१

सुचना प्रकाशनको ढाँचा

## बोगटान फुड्सिल गाउँपालिका

गाउँ कायापालिकाको कार्यालय
चवराचौतारा, डोटी

**विषय**

**प्रथम पटक प्रकाशन गरिएको मिति**

बोगटान फुड्सिल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चवराचौतारा डोटीको आर्थिक वर्ष २०८१।०८२ को स्वीकृत कार्यक्रम ..............…………………………… अनुसार ईच्छुक कृषक/कृषि फर्म/कृषक समुह/सहकारीहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयमा तपिशल बमवजिमका आवश्यक कागजात सहित अनुदानका लागी प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरीएको व्यहोरा अनुरोध छ।

आवश्यक कागजातहरु

१. रु १० को हुलाक टिकट सहित कार्यालयले माग गरेको निर्दिष्ट ढाँचा अनुसारको आवेदन फारम।
२. सम्बन्धीत वडाको सिफारिस पत्र।
३. कार्यक्रम संचालन हुने स्थान/जग्गा/जमिनको स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौता।
४. कृषक समुह/सहकारी/कृषि फर्म दर्ता भएको हकमा दर्ता नविवरण गरेको प्रमाण पत्र।
५. समुह, सहकारीको हकमा कार्यक्रम माग सम्बन्धी निर्णय प्रतिलिपी।
६. पान नं/करचुक्ता र नागगरीकताको प्रतिलिपी।

## अनूसुची-२

## कृषि तथा पशुपन्छीजन्य उत्पादक कृषकलाई उत्पादनको आधारमा वा ढुवानी अनुदान सहयोग कार्यक्रममा उत्पादक कर्षकले कार्यालयमा पेश गर्ने आवेदनको ढाँचा

मिति :

**श्री प्रमुख प्रशासकीय अधिकृत** ज्यू

**बोगटान फुड्सिल गाउँपालिका**, डोटी।

विषयः अनुदान कार्यक्रममा सहभागी हुन पाउँ भन्ने बारे।

महोदय,

तहाँ कार्यालयको मितिमा प्रकाशित सूचना अनुसार........................ ................... पेश गरेको छु ।

निवेदक

नामः

ठेगानाः

मोनं.

दस्तखत

छाप

## अनूसुची-३

### उत्पादनमा आधारित तथा ढुवानी अनुदान कार्यक्रममा सहभागिताको लागी देहाय अनुसारको मापदण्ड पुरा गरेको हुनुपर्छ ।

**क) पशुजन्य बस्तु :**

- दुध उत्पादनको क्षेत्रमा प्रति कृषकले वार्षिक १००० लिटरका दरले सहकारी/समूह/संकलन केन्द्र तथा वडामा यस कार्यविध अनुसार गठित समितिमा विक्री गरेको रेकर्डको आधारमा प्रलि लिटर रु. ५ का दरले अनुदान रकम दिईनेछ ।
- जिउँदो तौलको आधारमा खसी/बोका विक्री गर्दा १०० के.जी. वा ३-५ वटा विक्री गरेको कृषकलाई प्रति के.जी. रु. ५० का दरले अनुदान दिने व्यवस्था मिलाईनेछ ।
- स्थानीय कुखुराको मासु प्रति कृषकले कम्तिमा ७५ के.जी. उत्पादन गरी विक्री गरेको कृषकलाई प्रति के.जी. रु. ५० का दरले अनुदान दिने व्यवस्था मिलाइनेछ ।
- प्रति कृषक कम्तिमा १ रोपनी क्षेत्रफलमा माछापालन गरेकालाई प्रति रोपनी रु १० हजारका दरले अनुदान दिने व्यवस्था मिलाईनेछ ।

**ख) कृषिजन्य बस्तु**

**फलफूल खेती**

- सुन्तलाजात आपँ, लिची, किवी प्रती के जी रु ५ का दरले र प्रति कृषकले कम्तीमा ५०० केजी उत्पादन गरी विक्री गरेको हुनुपर्नेछ ।
- केरा खेती प्रती गोटा (कोसा) रु. २ र प्रती कृषकले कम्तीमा ५००० गोटा उत्पादन गरी विक्री गरेको हुनुपर्नेछ ।

**तरकारी विउ उत्पादन :**

- तरकारी विउ उत्पादनमा प्रति के.जी. रु. ५० र प्रति कृषकले कम्तीमा ५० के.जी. विउ उत्पादन गरी बिक्री गरेको हुनुपर्नेछ ।

**खाधान्न वाली विउ उत्पादनमा**

- खाधान्न वाली विउ उत्पादनमा प्रति के. जी. रु. २० र प्रति कृषकले कम्तीमा २०० के.जी. विउ उत्पादन गरि विक्री गरेको हुनुपर्नेछ ।

## ताजा तरकारी

- गोलभेडा, गाजर,  काउली, लौका, भेडेखुसाानी, फर्सी, प्याज, सिमि, घिरौला, भिन्डी, भान्टा, बन्दा, काक्रा. तितेकरेला आदी स्थानीय स्तरमा उत्पादीत तरकारी प्रती के.जी. रु .५ र प्रती कृषकले कम्तीमा वार्षिक ३०० के. जी. उत्पादन गरी विक्री गरेको   हुनुपर्नेछ।

## मौरी र महजन्य उत्पादन

- मह उत्पादनमा प्रती के. जी. रु. ४० र प्रती कृषकले कम्तीमा २५  के.जी. देखी माथी उत्पादन गरी विक्री गरेको हुनुपर्नेछ।
- गोला सहितको मौरी घारमा प्रलि घार रु. १००० र प्रती कृषकले कम्तीमा १० गोला घार उत्पादन गरी विक्री गरेको हुनुपर्नेछ।

## दाल वालीमा

- दाल वालीमा प्रती के. जी. रु. ४० र कम्तिमा ५० के. जी. उत्पादन गरी विक्री गरेको हुनुपर्नेछ

## मसला वालिमा

- अदुवा, बेसारमा प्रति के. जी. रु. १० र प्रती कृषकले कम्तीमा १०,००० के.जी. भन्दा माथी उत्पादन गरी विक्री गरेको हुनुपर्नेछ।
- लसुन, प्याजमा प्रती के.जी. रु. ७ र प्रती कृषकले कम्तिमा ५०० के.जी. उत्पादन गरेको हुनुपर्नेछ।
- सुकाएको खुर्सानी वालीमा प्रती  के.जी. रु. ५० र कम्तीमा ५० के. जी. भन्दा माथी उत्पादन गरी विक्री गरेको हुनुपर्नेछ।

# ढुवानी

- कृर्षि जन्य वाली बस्तु ढुवानी गर्दा एक पटकमा कृषक अथवा फर्मको हकमा कम्तीमा १० क्वीन्टल र समुह, सहकारीको हकमा कम्तीमा ३० क्वीन्टल भन्दा माथी ढुवानी गरी उत्पादन तथा खरिद बिक्री गरेको हुनुपर्नेछ।
- पशुको हकमा खसी, बोका एक पटकमा २० वटा र भैसी ३ वटा गरी कम्तीमा एक पटक ढुवानी गरी विक्री वितरण गरेको हुनुपर्नेछ।
- कृषिजन्य कच्चा पदार्थ (अदुवा,बेसार) जस्ता बस्तुमा बजारीकरणको लागी कृषक समुह, सहकारी र संकलन केन्द्रलाई ढुवानीमा शतप्रतिशत अनुदान दिईनेछ।
- कृषक समुह/सहकारी र फर्मको हकमा कृषि जन्य उपज ढुवानीमा कच्ची सडकमा प्रति किलोमिटर, प्रति क्वीन्टल रु १३ र कालोपत्रे सडकमा रु २.५  दरले अनुदान उपलब्ध गराउन सकिनेछ।
- ढुवानी रकमको हकमा बोगटान फड्सिल गाँउपालिकाको आर्थिक ऐन अथवा सम्बन्धीत शाखामा सम्झौता भए बमोजिम उपब्ध गराइनेछ।

# अनूसुची-४

उत्पादक कृषकलाई  उत्पादनको आधारमा अनुदान उपलब्ध गराउने कार्यक्रममा सहभागि  हुने कृषकको विवरण

१. कृषक  समुह, सहकारी, कृषि फर्मको नाम :

२. ठेगाना :

३. सम्पर्क नं. :

४. कार्यक्रममा आधारीत उत्पादित तथा विक्री बस्तुको विवरण :

५. उत्पादनमा अनुदान कार्यक्रममा सहभागी गराईने वालीको नाम :

६. गत वर्ष/हाल सम्म गरेका कामको विवरण :

| क्र.स. | वालि/बस्तुको नाम | गत आ.व. को उउत्पादन र विक्री परिमाण के.जी./ सख्या/ लि. | विक्री गररएको बजार | प्रलि एकाइ सरदर मुल्य | क्षेत्रफल/ सख्या | कै. |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

६. यस वर्षको हाल सम्मको उत्पादन परिमाण

| क्र.स. | वाली / बस्तुको नाम | यस आ.व. को हाल सम्मको उत्पादन के. जी. /संख्या /लि. | यस आ. व. को जम्मा उत्पादन लक्ष्य के. जी. /संख्या /लि. | विक्री गरीएको बजार | प्रलि एकाइ सरदर मुल्य | क्षेत्रफल/ सख्या | कै. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

७. गत वर्षको अधिकतम उत्पादन महिना र परिमाण

८. गत वर्षको न्युनतम उत्पादन महिना र परिमाण

९. ढुवानीको हकमा बिक्री उत्पादन अलभिलेखको अवस्था भए नभएको

१०. बजारसगँ खरीद बिक्री सम्झौताको अबस्था भए नभएको विवरण

११. फर्म/समुह/सहकारी र संकलन केन्द्रलाई ढुवानी उत्पादन खरिद बिक्री अभिलेख अबस्था भए नभएको